श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ०३

पुनरावेदन नं. ०७५-RB-०१३२

काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.२४ महाबौद्ध स्थित स्थायी लेखा नं. ६००२३५५०३ का साईन इलेक्ट्रोनिक्स फर्मको तर्फबाट ऐ.फर्मको प्रोपाईटर ऐ.ऐ.बस्ने पवन कुमार गोयल........................................................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौ.....................................१ } प्रत्यर्थी

**मुद्दा : बढी भन्सार महशुल माग ।**

शुरु निर्णय गर्ने कार्यालय : भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौ

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार परिक्षण प्रशासक श्री किशोर जोशी

शुरु निर्णय मिति : २०७५/०६/२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

यसमा भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौंबाट मिति २०७५।६।२९ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

मुद्दाको तथ्य

१. श्री **SHINE ELECTRONIC** ले मेची भन्सार कार्यालयको प्र.द.नं. १७८९७ मिति (सन) २०१६/०७/३१ मा पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछीको परिक्षण गर्न छनौट भएकोले उक्त पैठारी संग सम्बन्धित कागजातहरु पेश गर्न भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौबाट मिति २०७५/३/३१ मा भएको पत्राचार।

२. प्रज्ञापन पत्र नं.१७८९७ बाट पैठारी भएका मालबस्तुहरुको पैठारीकर्ताबाट प्रज्ञापनपत्र साथ पेश भएका कागजातहरु र प्रमाणहरु तथा पेश भएको प्रतिवेदन समेतको अध्ययन छानविन गर्दा प्रस्तुत पैठारीकर्ताले कारोबार रकम र वर्गिकरण फरक पारी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम थप महशुल निर्धारण गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा ६ बमोजिम पैठारी कर्ताका नाममा भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७५/५/२८ मा सुचना जारी भएको ।

३. मिति २०७५/५/२८ मा जारी भएको सुचना पैठारीकर्ताले मिति २०७५/६/१५ मा बुझीलिई उक्त सुचनाको जवाफ मिति २०७५/६/२८ मा पेश गरेको ।

४. पैठारीकर्ताले लिखित जवाफमा कुनै ठोस प्रमाण पेश नगरी केवल महशुल लाग्नु नपर्ने भन्ने व्यहोराको जवाफ मात्र पेश गरेको पाईएको हुँदा मिति २०७५/५/२८ मा जारी भएको सुचनामा उल्लेख भए बमोजिम कायम गरिएको भन्सार महशुल निर्धारण मनासिव नै देखियो। तसर्थ पैठारी कर्ताले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम दाखिला गर्नु पर्ने भन्सार महशुल रु.८,३३,१३४/- सो को सत प्रतिशत जरिवाना रु.८,३३,१३४/- समेत जम्मा भन्सार महशुल रु.१६,६६,२६८/- अन्तःशुल्क रु.४,८८,३७६/- सो को सत प्रतिशत जरिवाना रु.४,८८,३७६/- समेत जम्मा अन्तःशुल्क रु.९,७६,७५२/- र मु.अ.कर रु.१,७८,८४३/- र सो को सत प्रतिशत जरिवाना रु.१,७८,८४३/- समेत जम्मा मु.अ.कर रु.३,५७,६८६/- समेत कुल जम्मा रु.३०,००,७०६/- को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण गर्ने भन्सार जाँच पास परिक्षण कार्यालय तिनकुने काठमाडौको मिति २०७५/६/२९ को निर्णय।

५. यस फर्मले सामान पैठारी गर्दा बैक मार्फत **TT** खोली सामानको विजक मूल्य, कारोबारसंग सम्बन्धित पारवाहन, ढुवानी खर्च, विमा, लगायतका खर्च जोडी सामान पैठारी गर्दा भन्सार विन्दुमा सामानको मूल्य कायम गरी लाग्ने भन्सार महसुल लगायतका कर शुल्क तिरी रितपुर्वक सामान जाँचपास भएको सामानमा मुनाफा समेत जोडी विक्री कारोबार गर्दै आएको छ । यस फर्मले २ बर्ष अगाडी नै प्रज्ञापन पत्र नं.१७८९७ मिति(सन) २०१६/७/२१ मा पैठारी गरी ल्याएका मालबस्तु मोनिटरको सम्बन्धमा भन्सार उपशिर्षक

नं.८५२८४१०० बाट आयात भएकोमा भन्सार उपशिर्षक नं.८५२८७२०० बाट आयात हुनु पर्ने भनी विक्री समेत भइ सकेको सामानमा थप महशुल र जरिवाना समेत गरी जम्मा रु३०,००,७०६/- निर्धारण गरी दाखिला गर्न मिति २०७५/६/२९ मा भएको निर्णय मिलेको छैन । फर्मले कम मुल्याङ्कन गरी भन्सार महशुल छुट हुने गरी सामान पैठारी गरेको छैन । खरिद आयात विल विजक बमोजिम कारोबारसंग सम्बन्धित खर्च **TT (Telex Transfer)** मार्फत भुक्तानी भएको रकम समेत जोडी सामानको मुल्य घोषणा गरी तिर्नु बुझाउनु पर्ने भन्सार महसुल बुझाई सामान रितपुर्वक जाँचपास गरेको हो । उपशिर्षक फरक पारी मालबस्तुको मूल्य घोषणा गरेको होइन । भन्सार उपशिर्षक फरक पारेको होइन । प्रज्ञापनपत्र नं.१७८९७ मिति २०१६/०७/३१ मा तेश्रो मुलुकबाट पैठारी गरी ल्याएको १९  र २४ इन्च एल इ डि मोनिटर प्रचलित कानुन बमोजिम भन्सार दरबन्दीमा स्पष्ट रुपमा उल्लेख भएको हुँदा भन्सार उपशिर्षक नं.८५२८४१०० बाट जाँचपास भएको हो । हामीले पैठारि गरेको मालबस्तु टेलिभिजन होइन । एल इ डि मोनिटर भन्सार उपशिर्षक नं.८५२८४१०० बर्गिकरणमा पर्ने हुँदा सोही बमोजिम भन्सार महशुल नलागी जाँचपास भएकोमा पछी टेलिभिजन भएकोले भन्सार उपशिर्षक नं. फरक पारेको भनी भन्सार महसुल अन्तःशुल्क र मूल्य अभिवृद्धिकर जरिवाना सहित माग गर्ने गरी भएको मिति २०७५/६/२९ को निर्णय बदर गरी पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७५/८/१६ मा परेको पुनरावेदनपत्र ।

६. यसमा मुलुकी मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/१०/१६ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री नारायण नेपालले भन्सार विन्दुमा सामान आइ सके पछी जाँचपासका विभिन्न चरणहरु पार गर्नु पर्ने हुन्छ । **Harmoniged code** को **Issue** भन्सार विन्दुमा नै सकिने हुन्छ । एक पटक प्रज्ञापनपत्र बमोजिमको मालबस्तु घोषित भन्सार महशुल उपशिर्षक ८५२८४१०० मा बर्गिकरण गरी  जाँचपास गरि सकेपछि पुनः भन्सार महशुल उपशिर्षक फरक परेको भन्न मिल्ने होइन । भुत प्रभावी रुपमा मिति २०७५/३/३२ को परिपत्र बमोजिम  सन २०१६/०७/३१ मा आयात भै भन्सार जाँचपास भएको माबस्तुको सम्बन्धमा भन्सार महशुल माग गर्न मिल्दैन पुनरावेदकले पैठारी गरेको मालबस्तु भन्सार महशुल नलाग्ने बर्गमा पर्ने हुँदा भन्सार जाँचपास परिक्षण कार्यालयबाट भएको निर्णय बदर गरी पाउँ भनी र पत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका उपस्थित विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार

बस्नेतले कम्प्युटर मोनिटर मात्र आयात हुन नसक्ने हुँदा पुनरावेदक करदाता कम्पनीले भन्सार महशुल बर्गिकरण उपशिर्षक फरक पारी टेलिभिजनलाई मोनिटर भनी भन्सार महशुल नलाग्ने शिर्षकमा राखी पैठारी गरेको हुँदा भन्सार जाँचपास परिक्षण कार्यालयले भन्सार महशुल अन्तःशुल्क र मूल्य अभिवृद्धी कर समेत माग गर्ने गरी गरेको निर्णय भन्सार ऐन, २०६४ बमोजिम नै भएकोले सदर कायम हुनु पर्छ बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७५।०६।२९ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक साईन इलेक्ट्रोनिक्सले मेची भन्सार कार्यालयको प्रज्ञापनपत्र नं.१७८९७ मिति (सन) २०१६.०७.३१ मा LED MONITOR (19 & 24 INCH) पैठारी गरी उक्त मालबस्तुको कारोबार खर्च करदाताले रु.८१,०००/- देखाएको उक्त मालबस्तुलाई भन्सार वर्गीकरण उपशिर्षक ८५२८४१०० घोषणा गरी शुन्य भन्सार दरमा पैठारी गरेको र भन्सार जाँचपास परिक्षण कार्यालयले कारोबार खर्च रु.१,३५,२०१/- भएको र भन्सार वर्गिकरण उपशिर्षक ८५२८७२०० भइ २०% भन्सार महशुल लाग्ने भनी रु.८,२२,२९३/- सो को सत प्रतिशत जरिवाना र १०% अन्त शुल्क र सो को सत प्रतिशत जरीवाना, थप कारोबार खर्च सो को भन्सार महशुल र सो को शत प्रतिशत जरिवाना समेतको जम्मा भन्सार महशुलको १३% मूल्य अभिवृद्धीकर र जरिवाना समेत जम्मा रु.३०,००,७०६/- र दाखिला गर्नु पर्ने भनी निर्णय गरेको देखियो ।

१०. सर्वप्रथम पुनरावेदक साईन इलेक्ट्रोनिक्सले मेची भन्सार कार्यालयको प्रज्ञापनपत्र नं.१७८९७ मिति (सन) २०१६.०७.३१ मा पैठारी गरेका मालबस्तु LED MONITOR 19 & 24 INCH भन्सार वर्गिकरण उपशिर्षक कति मा पर्ने हुन भन्ने तर्फ हेर्दा भन्सार विभागको च.नं.१२७२ मिति २०७५/३/३२ मा भएको परिपत्र हेर्दा LED Monitor Ordinary (19"24"32") भनिएका मालबस्तु वर्गिकरणका लागी पेश हुँदा HDMI Port, VGA Port, Speaker, Volum up/down, Channel up/down एवं Remote Sensor System सहितको 19"24"32" का LED MONITOR भनिएका मालबस्तुहरु जसमा TV Frequency Tuner एवं Remote समाबेश भएको नपाएको अपूर्ण AERO Brand का कार्टुनमा Pack भै आएका LCD Monitor भनिएको मालबस्तु जसमा तयारी टेलिभिजनमा हुनुपर्ने सम्पूर्ण गुणहरु (Frequency Tuner र Remote बाहेकका) समेत भनिएको अपुर्ण बस्तु भएको साथै यस्तै प्रकृतिको मालवस्तुका सम्बन्धमा तयारी पूर्ण टेलिभिजनमा हुने अधिकांश गुण/विशेषता ग्रहण गरेको देखिएको आधारमा हार्मोनाइज्ड प्रणालीको नियमहरुको नियम २(क) बमोजिम अपूर्ण बस्तुलाई पुर्णबस्तुमा हुने आवश्यक विशेषता (Essential Charactor) ग्रहण गरेको हदसम्म

पूर्ण बस्तु सरह भन्सार उपशिर्षक ८५२८.७२.०० अन्तर्गत बर्गिकरण गर्ने गरी मिति २०६७/३/१६ मा श्रीमान महानिर्देशकज्यूबाट भन्सार उपशिर्षक तोकि सकिएकोले वर्गिकरणका लागी पेश हुन आएको LED Monitor Ordinary (19"24"32") भनिएको मालबस्तुलाई भन्सार उपशिर्षक ८५२८.७२.०० अन्तर्गत वर्गिकरण गर्न निर्देशन दिने मिति २०७५/३/२९ को निर्णयानुसार अनुरोध छ भनी भनी लेखिएको देखियो । करदाताले पैठारी गरेका मालवस्तु भन्सार वर्गिकरण उपशिर्षक नं.८५२८.७२.०० अन्तर्गत पर्ने भए तत्काल वा पैठारी भएका सामानमा लागु भएको ऐन, नियम, निर्देशिका, परिपत्र अनुसार भन्सार जाँचपास हुँदाका बखत नै सोही बमोजिम हुनु पर्ने हो । २०७३ सालमा पैठारी भएका मालबस्तुको सम्बन्धमा २०७५/३/३२ को परिपत्रानुसार वर्गिकरण फरक परेको भनी भन्सार जाँचपास परिक्षण कार्यालयले निर्णय गरेको देखियो । भन्सार विभागको उक्त परिपत्रमा पनि पुर्ण रुपमा पैठारीकर्ताले पैठारी गरेका मालबस्तु टेलिभजन हो भन्न सकेको अबस्था देखिँदैन । अधिकाशं गुण विशेषता भएको अपूर्ण बस्तु भए पूर्ण बस्तु सरह मान्नु पर्ने भन्ने मनोगत आधारमा मालवस्तुलाई वर्गिकरण गर्न मिल्ने हुँदैन । पैठारी भएका मालबस्तुलाई उपयोगका आधारमा यो यो वर्गमा पर्छ भनी स्पष्ट परिभाषित गर्न सकेको पाइदैन । पैठारीकर्ता मालबस्तु वर्गिकरणको सम्बन्धमा घोषणा सम्म गर्ने हो निर्णय गर्ने होइन । निर्णयकर्ता नै यकिन निष्कर्शमा पुग्न नसकेको अवस्थामा शंकाको सुविधा पैठारी कर्ताले पाउने हुन्छ ।

११. माथि विवेचना भए अनुसार पैठारीकर्ताले घोषणा गरे अनुसार नै पैठारी भएका मालवस्तुको भन्सार वर्गिकरण शिर्षक कायम रहने देखिदा फरक परेको कारोबार खर्च रकममा भन्सार महसुल, अन्तःशुल्क निर्धारण गरेको हदसम्मको निर्णय मिलेको देखिएन । घोषणा गरी फरक परेको कारोबार खर्च रकममा मूल्य अभिवृद्धिकर मात्र लाग्ने ठहर्छ ।

१२. अतः माथि उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.६००२३५५०३ भएका पुनरावेदक पैठारीकर्ता साइन इलेक्ट्रोनिकस्सको भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण गर्न भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७५/६/२९ मा भएको निर्णयमा पैठारी भएका मालबस्तु १९" र २४" LED Monitor लाई भन्सार वर्गिकरण उपशिर्षक ८५२८७२०० कायम गरी भन्सार महशुल अन्तशुल्क र मुल्य अभिवृद्धीकर निर्धारण गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म केहि उल्टी हुने ठहर्छ । त्यसै गरी कारोबार खर्चमा भन्सार महशुल र अन्त शुल्क निर्धारण गरेको त्रुटिपूर्ण देखिँदा उल्टी भई सो महशुल र अन्तशुल्क बाहेकको कारोबार खर्चमा मूल्य अभिवृद्धीकर भने लाग्ने ठहर्छ । अरुमा तपशिल बमोजिम गर्नु ।

**तपशिल**

शुरु भन्सार जाँचपास परिक्षण कार्यालयको मिति २०७५/६/२९ को निर्णय उल्टी भएको हदसम्मको दाखिला गरेको महशुल फिर्ता दिनु भनी भन्सार जाँचपास परिक्षण कार्यालयमा लेखी पठाईदिनू---------------------------------------------------------------------------१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनू-------------------------२

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू-----------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------------------४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल साउन महिना २१ गते रोज ३ शुभम् ..........................